का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ पुस २०७९,
शुक्रबार
6 January 2023,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २०, अंक ३२१ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com

## बामदेवको बाटो पछ्याउँदै

# शंकर र उपेन्द्र !

राष्ट्रपति र उपराष्ट्रपतिमा सांसदलाई पठाउने र रिक्त स्थानमा उपचुनाव लडेर संसद छिर्ने दाउ एमाले महासचिव शंकर पोखरेल र जसपाका अध्यक्ष उपेन्द्र यादवको छ । यस्तो प्रयास विगतमा नेता बामदेव गौतमले गरेका थिए । तर बामदेव असफल भएका थिए, उपेन्द्र र शंकरको प्रयास हेर्न बाँकी छ ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

नेकपा एमालेका महासचिव शंकर पोखरेलले संसद छिर्ने प्रयास गरेको खुलेको छ । गत ४ मंसिरमा सम्म आम चुनावमा पोखरेल माओवादी केन्द्रका रेखा शर्मासँग १९३ मतान्तरले पराजित भएका थिए । माओवादी केन्द्रबाट प्रत्यक्ष निर्वाचित एक्लो उनै महिला सांसद शर्मालाई राजीनामा गर्न लगाएर शंकर पोखरेलले संसद छिर्ने प्रयास गरेको खुलेको हो ।

यता, जनता समाजवजादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवले पनि संसद छिर्न रणनीति बनाएका छन् । संसद छिर्ने रणनीति अनुसार नै उनले पार्टीको संसदीय दलको नेता रामसाहाय प्रसाद यादवलाई बनाएको स्वमं जसपाका नेताहरुको स्वीकारोक्ति छ ।

रामसहाय प्रसाद यादव संसदीय दलको नेता बनेपछि यादव संसद छिर्नका लागि वातावरण बनेको कतिपयको टिप्पणी छ । तर, यसका लागि अध्यक्ष यादवले थप सफलता प्राप्त गर्नुपर्नेछ । संसद छिर्ने अध्यक्ष यादवको आकांक्षाले नै जसपाका संघयि परिषद अध्यक्ष अशोक राई संसदीय दलको नेतामा उम्मेदवार नै बन्न नसकेको बताइन्छ ।

४ मंसिरको चुनावमा अध्यक्ष उपेन्द्र यादव सप्तरी-२ बाट पराजित भएपछि धेरैको अनुमान थियो, जसपाको संसदीय दलको नेता संघीय परिषद् अध्यक्ष राई बन्नेछन् । किनकि जसपाबाट चुनाव जित्ने नेताहरुमध्ये सुनसर ी-१ बाट निर्वाचित राई नै सबैभन्दा वरिष्ठ थिए । तर, बारा-२ बाट जितेका रामसहाय यादव निर्विरोध दलको नेता चुनिए । दलको नेता चयन गर्न मनोनयन दर्ताको समयमा राईले उम्मेदवारी नै दर्ता गरेनन् । राईसँगै अन्य आकांक्षी राजकिशोर यादव र नवलकिशोर साहले पनि उम्मेदवारी दर्ता गरेनन् । यी सबै घटनाक्रम एकप्रकारले अनपेक्षित थियो ।

जसपाका सांसद सुशीला श्रेष्ठका अनुसार जसपाभित्र संसदीय दलको नेतामा अघिल्लोदिनसम्म आकांक्षीमध्ये राईको सम्भावना बढी थियो । तर, अन्तिम दिन बदलियो । तथ्य अध्यक्ष यादवको संसद छिर्ने प्रयास भएको बताइन्छ । जसपाले उपराष्ट्रपतिमा दाबी गरेको छ । अध्यक्ष यादवका अनुसार उपराष्ट्रपति पाएको खण्डमा हाल संसदीय दलको नेता रहेका रामसहाय प्रसाद यादवलाई अगाडि बढाइनेछ ।

राष्ट्रपति र उपराष्ट्रपति फरक भूगोलको भए पनि हुने संवैधानिक व्यवस्थालाई देखाएर जसपाले राष्ट्रपति र उपराष्ट्रपतिमा दुबै पुरुष वा दुबै महिला हुन पनि सक्ने तर्क गरेको छ । संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपति फरक फरक

– बाँकी पृष्ठ २ मा

## संकट टार्न एकता प्रयास

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

लगातार पार्टी बैठक राखिरहेको नेकपा एकीकृत समाजवादीले अन्य दलसँग एकतालाई जोड दिएको छ । बिहीबार बसेको सचिवालय बैठकले महासचिव डा.बेदुराम भुसालको संयोजकत्वमा एकता पहल गर्न कार्यदल गठन गरेको छ । ११ पुसमा पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री नियुक्त भएपछि लगातार बसेको एकीकृत समाजवादीले भुसालको संयोजकत्वमा कार्यदल गठन गरेको हो ।

यो कार्यदललाई विचार मिल्ने पार्टीहरुसँग एकताको पहल गर्ने कार्यादेश दिइएको छ । कार्यदलमा उपमहासचिवहरु डा.गंगालाल तुलाधर, प्रकाश ज्वाला र डा. विजय पौडेल सदस्य छन् । यो कार्यदल चुनाव अगाडि नै गठन गरिएको थियो । तर त्यसबेला माओवादी केन्द्रसँग एकताको प्रचार भएपछि स्थगित भएको कार्यदल फेरि ब्युताइएको हो ।

तर यसपटक एकीकृत समाजवादीका निम्ति परिस्थिति बदलिएको छ । नेकपा एमालेबाट अलग भएर बनेको एकीकृत समाजवादीले डेढ वर्ष यात्राका सहयात्री दलहरुको साथ गुमाएको छ । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमाले समर्थनमा प्रधानमन्त्री बनेपछि एकीकृत समाजवादीले डेढ वर्ष सहयात्री दलहरुको साथ गुमाएको हो ।

नेपाली कांग्रेस नेतृत्वको गठबन्धन छोडेर एमाले नेतृत्वको गठबन्धनबाट प्रचण्ड प्रधानमन्त्री बनेका छन् । प्रचण्डले नयाँ गठबन्धन गरेपछि एकीकृत समाजवादीले भूगोल, गैरभूगोल, पोलिटब्यूरो र स्थायी कमिटीको बैठक राखिसकेको छ । यी सबै कमिटीको बैठकपछि बसेको सचिवालयले एकता कार्यदल ब्यूताउनुलाई अर्थपूर्ण मानिएको छ ।

> थ्रेसहोल्ड समेत कटाउन नसकेपछि संकटमा परेको नेकपा एकीकृत समाजवादीले अन्य दलसँग एकतालाई जोड दिएको छ ।

किनकि एकीकृत समाजवादी अहिले सत्ता समीकरणमा मात्रै छुटेको छैन, चुनावी नतिजाका कारणले पनि संकटमा परेको छ । एमालेबाट २० प्रशित बढीको हिस्सा लिएर बनेको एकीकृत समाजवादीले तीन प्रतिशतको थ्रेसहोल्ड कटाउन सकेन । थ्रेसहोल्ड कटाउन नसकेकाले एकीकृत समाजवादी राष्ट्रिय दल बन्न सकेन ।

अर्कातिर प्रचण्डले पनि साथ छोडेपछि एकीकृत समाजवादीले पार्टी एकतालाई जोड दिएको छ । पहिलो रोजाइमा भने जनता समाजवादी पार्टी (जसपा) रहेको नेताहरु बताउँछन् ।

– बाँकी पृष्ठ २ मा

# विद्यार्थीको मुद्दामा मौन

विद्यार्थीको मानसिकतामा मात्रै होइन, पढाई पूरा गर्ने अवधि समेत लम्बिन थालेको छ । हकहितका लागि खुलेका विद्यार्थी संगठन नै मौन रहँदा नेतृत्वकर्ताको औचित्यमाथि प्रश्न खडा भएको छ ।

> स्ववियु निर्वाचन नहुँदा विद्यार्थीका हकहितबारे बोल्ने संस्था भएन । साझा संस्था चाहियो, प्रशासनिक ढिलासुस्ती भयो । समग्रमा शैक्षिक उन्नयन, क्याम्पस प्रशासनको वृद्धि विकासका लागि स्ववियु अनिवार्य संस्था हो ।
>
> **आरसी लामिछाने**
> विद्यार्थी नेता

> त्रिवीले समयमा परीक्षाफल प्रकाशित नगर्नु आजको मात्रै समस्या होइन, हामीले बारबार यो विषयमा आवाज उठाएका छौं, जसले गर्दा प्रहरीद्वारा यातना नै भोग्नुपरेको छ ।
>
> **कृष्ण घिमिरे**
> विद्यार्थी नेता

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

त्रिभुवन विश्वविद्यालयमा हरेक दलनिकट विद्यार्थी संगठनहरु लामो समय देखि विद्यार्थीको हकहितका लागि भनेर खुलेका छन् । अनेरास्ववियु, नेविसंघ, अनेरास्ववियु क्रान्तिकारी आदि नाम दिएर खुलेका संगठनहरु विद्यार्थीको हकहितमा भने केन्द्रित हुन सकेकै छैनन् । पार्टीगत राजनीति अघि बढाउन संगठनमा लागेपनि पार्टीबाट निर्णय नभएसम्म विद्यार्थीकै मुद्धामा पनि उनीहरु बोल्नै सकेका छैनन् ।

जसको पछिल्लो उदाहरण हो १ वर्ष बढी भइसक्दा समेत नतिजा प्रकाशित नभएको स्नातक परीक्षाको । विद्यार्थीहरु रिजल्टको खोजीमा आन्दोलित हुनलाग्दा समेत विभिन्न संगठनहरु मौन देखिएका छन् बरु विद्यार्थीको हकहितमा बोल्नुको सट्टा चुनाव गरेर पदाधिकारी बन्ने हतारोमै उनीहरु देखिएका हुन् ।

'स्ववियु निर्वाचन नहुँदा विद्यार्थीका हकहितका बारेमा बोल्ने संस्था भएनन् । साझा संस्था चाहियो। प्रशासनिक ढिलासुस्ती भयो । समग्रमा शैक्षिक उन्नयन, क्याम्पस प्रशासनको वृद्धि विकासका लागि स्ववियु अनिवार्य संस्था हो । त्यो संस्थाको अनुपस्थितिले सारा शैक्षिक संस्थाहरु धराशायी बनेका छन्' एमालेनिकट अनेरास्ववियुका केन्द्रीय उपाध्यक्ष आरसी लामिछानेले भने । उनले विद्यार्थीको मुद्दामा अनेरास्ववियुले सधैं बोल्ने गरेको र परीक्षाफल प्रकाशनमा भएको ढिलाईका बारेमा पनि बोल्ने बताएका छन् । अखिल क्रान्तिकारीका केन्द्रीय नेता कृष्ण घिमिरे

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## एशोसिएसनभित्र संघका सात पदाधिकारीका लागि चौगुणाको दाबी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमितिको निर्वाचनका लागि नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका तर्फबाट ३५ जना व्यवसायीहरुले उम्मेदवारीको दाबी पेश गरेका छन् । २१ सदस्यीय कार्यसमितिमा रहेका ७ पदाधिकारीका लागि २९ जना र १० सदस्यका लागि ७ जना व्यवसायीले इच्छा देखाएका छन् ।

एशोसिएसनले बिहीबार साँझसम्म उम्मेदवारका आकांक्षीहरुले एशोसिएसनलाई तिर्नुपर्ने वार्षिक शुल्क बुझाएको रसिदसहित उम्मेदवारीको दाबी लिखितरुपमा पेश गर्न समय दिएको थियो ।

अध्यक्ष पदमा एशोसिएसन अध्यक्ष कुमुद खनाल, नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्व तथा निवर्तमान द्वितीय उपाध्यक्षद्वय भुवन सिं गुरुङ र कमलदेव मल्ल र निवर्तमान महासचिव सुजितकुमार श्रेष्ठको दाबी छ ।

प्रथम उपाध्यक्ष पदमा एशोसिएसनका महासचिव कमल काफ्ले, संघका निवर्तमान तृतीय उपाध्यक्ष किशोर कुमार केसी र एशोसिएसनका पूर्व उपाध्यक्ष जनक खड्का प्रकाश, द्वितीय उपाध्यक्ष पदमा जङ्गबहादुर इजम, पंकजकुमार मिश्र, केशव न्यौपाने, मोहनकुमार ढुंगेल र रविन मेगाले मगर तथा तृतीय उपाध्यक्ष पदमा सञ्जय पनेरु, महम्मद जवारदिन, अमिर बास्तोला, तुल्सी पुरी र दिनेश कुमार रायको दाबी परेको छ ।

यस्तै महासचिव पदमा भवानी निरौला, मेघनाथ भुर्तेल, लक्ष्मण पौडेल र अमर प्रकाश तिवारी, सचिव पदमा विक्रम श्रेष्ठ, कर्णराज कटुवाल, नगेन्द्रप्रसाद पोखेल, हर्क लिम्बू, कुवेर सिंह कोइराला र प्रकाश बोहोरा तथा कोषाध्यक्ष पदमा हिरादेवी बुढाथोकी र हिमा गुरुङको दाबी परेको छ ।

त्यस्तै दश जना सदस्य पदमा चन्द्र बहादुर लिम्बू, कैलाश पाठक, चन्द्र कमल श्रेष्ठ, नारायण भुसाल, तोरनकुमार कार्की, सुनिता कर्माचार्य गरी सात जनाको मात्रै दाबी परेको छ ।

एशोसिएसनले नेपाली कांग्रेसको शुभेच्छुक संस्थाको हैसियत पाएको छ । अध्यक्ष खनालले पार्टी संगठनमा काम गरेको जेष्ठता, क्रियाशील सदस्यता र संघमा निर्वाचित भएको अवस्थामा गर्ने कामको कार्ययोजनाका आधारमा प्रजातान्त्रिक पद्धतिका आधारमा उम्मेदवार छनोट गर्ने बताए ।

एशोसिएसनले संघको आगामी माघ ६ गते हुने निर्वाचनका लागि पूर्वअध्यक्ष तिलकबहादुर रानाभाटको संयोजकत्वमा एशोसिएसनका निवर्तमान अध्यक्ष नरेन्द्रप्रसाद ढकाल, महासचिव कमल काफ्ले,

– बाँकी पृष्ठ २ मा

### राहदानीको सिष्टम बनाउन चिनियाँ प्राविधिक

**काठमाडौं/मस–** राहदानी विभागको सफ्टवेयर व्यवस्थापनको जिम्मा लिएको आईडिमिया कम्पनीले उच्च तहका प्राविधिकलाई नेपाल पठाएको छ । राहदानी विभागको सफ्टवेयरमा समस्या देखिएको भन्दै विभागले पूर्ण सेवा दिन नसकिने सूचना जारी गरेपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका अधिकारीहरुले सफ्टवेयर प्रणालीको अनुगमन गरेपछि आईमिडिया कम्पनीले आफ्ना विशेषज्ञ पठाएको हो ।

हाल परराष्ट्र मन्त्रालयको जिम्मेवारीसमेत लिएका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राहदानी सहजरुपमा पाउने व्यवस्था गर्न विशेष निर्देशन दिएका छन् । बुधबार प्रधानमन्त्री कार्यालयले विभागमा प्राविधिक टोली पठाई प्रविधिमा बारम्बार देखापर्ने समस्याको बारेमा छलफल गरेपछि विशेषज्ञ टोली बोलाइएको हो । आईमिडिया कम्पनीको केन्द्रीय कार्यालय चीनमा रहेको छ । प्रधानमन्त्री कार्यालयका प्राविधिकहरुले चिनियाँ पक्षसँग छलफल गरेपछि चिनियाँ पक्षले समस्या समाधानका लागि भारत र मलेसियामा कार्यरत दुई जना प्राविधिकलाई नेपाल पठाउन सहमति जनाएको प्रधानमन्त्री

– बाँकी पृष्ठ २ मा


**हार्दिक निमन्त्रणा**

**आदरणीय वैदेशिक रोजगार व्यावसायीज्युहरू,**
प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले आफ्ना सम्पूर्ण सदस्य संस्थाका व्याबसायी मित्रहरूलाई देहायको मिति, स्थान र समयमा व्यवसायी भेला आयोजना गरेकोले उक्त भेलामा उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**धन्यवाद ।**
**मिति** : २०७९/०९/२२ शुक्रबार (आजै)
**समय** : ३:०० बजे
**स्थान** : स्काई पार्टी प्यालेस, सामाखुसी चोक, काठमाडौं ।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

**प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल**
पिंगलास्थान, गौशाला, काठमाडौं, फोन: ०१-४४६४३०१, ४४६४७२६

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्याण्डिडेट र व्यक्तिहरुको लागि
**तालिम खुल्यो**
कुक, वेटर, क्लिनर, हाउसमेड,
केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्वारा तालिम दिन मान्यता प्राप्त संस्था

**माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर**, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४९८७४०५

मध्यान्ह
www.madhyanhadaily.com
२२ पुस २०७९, शुक्रबार
6 January 2023, Friday

# माघ २५ मा राष्ट्रिय सभाको उपनिर्वाचन

**काठमाडौं/मस–** राष्ट्रियसभाको उपनिर्वाचन २५ माघमा हुने भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद बैठकले २५ माघमा राष्ट्रिय सभा उपनिर्वाचन गर्ने निर्णय गरेको हो। लुम्बिनी प्रदेशबाट निर्वाचित खिमलाल भट्टराईले प्रतिनिधिसभा सदस्य निर्वाचनअघि राजीनामा दिएका थिए। त्यसपछि रिक्त रहेको ठाउँमा निर्वाचन हुन लागेको हो।

यसअघि प्रधानमन्त्री दाहालले राष्ट्रिय सभा निर्वाचनका विषयमा आयोगका पदाधिकारीसँग परामर्श गरेका थिए। राष्ट्रिय सभा सदस्य



निर्वाचन ऐन, २०७५ को दफा ६१ मा कुनै सदस्यको पदावधि ५ महिनाभन्दा बढी कायम रहँदै कुनै कारणले पद रिक्त भएमा बाँकी अवधिका लागि रिक्त भएको मितिले ३५ दिनभित्र सरकारले तोकेको मितिमा आयोगले उपनिर्वाचन गराउनुपर्ने व्यवस्था छ।

त्यस्तै मन्त्रिपरिषदको बैठकले अर्थ सचिवमा तोयम रायालाई सरुवा गरेको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सचिव रहेका रायालाई अर्थ मन्त्रालयको सचिवमा ल्याइएको हो।

त्यस्तै, अर्थ मन्त्रालय अन्तर्गतको राजस्व सचिवमा भने रामप्रसाद घिमिरेलाई ल्याइएको छ। अर्थतन्त्र सुधारका लागि सरकारले अर्थ र राजश्व सचिवमा सरुवा गरेको हो। यसअघि अर्थसचिव कृष्णहरि पुष्कर थिए भने राजस्व सचिवको जिम्मेवारीमा रामेश्वर दंगाल थिए।

# तातोपानी नाकामा चहलपहल शून्य



**चौतारा/मस–** काठमाडौंदेखि एक सय २४ किलोमिटर दूरीमा रहेको तातोपानी नाका कुनै समय गुलजार थियो। चिनियाँ बजारमा सामान खरिद गर्न पुग्ने व्यापारी र उपभोक्ताका कारण तातोपानी नाकामा चहलपहल निकै बढी थियो।

तर २०७२ साल वैशाखमा आएको भूकम्पपछि भने तातोपानी नाकाको मुहार फेरिएको छ। अहिले समय भूकम्पले भत्काएका जीर्ण भवन र सीमा सुरक्षार्थ प्रहरी कार्यालय बोहक अरु छैन। कुनै रेष्टुराँ र होटलमा भ्याइनभ्याइ हुने यो क्षेत्रमा यति बेला एउटा पनि होटल तथा रेष्टुराँ छैन।

चीनसँग जोडिएको नेपालको सबैभन्दा पुरानो नाकाबाट भूकम्पपछि आंशिक रूपमा आयात खुला भएको चारवर्ष भए पनि निर्यात बन्द भएको सात वर्ष भइसकेको छ। जसका कारण चहलपहल शून्य जस्तै अवस्थामा पुगेको हो।

तातोपानी नाका नियमित सञ्चालन नभएपछि मितेरीपुलदेखि चीन-नेपाल दुवैतर्फको करिब पाँच किलोमिटर क्षेत्रमा चहलपहल छैन।

यो नाकाबाट कहिलेकाँही मात्र सामान आयात भने भइरहेको तातोपानी भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत दयानन्द केसीले बताए।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वमा नयाँ सरकार भएपछि चीन सरकारले तीन वर्षदेखि बन्द रहेका रसुवागढी र हुम्ला नाका खोलेको छ। हाल रसुवागढी नाकाबाट निर्यात सुरु भएको छ भने यारी नाकाबाट आयात भइरहेको छ। तर व्यवसायिक रुपले महत्वपूर्ण मानिएको सिन्धुपाल्चोकको तातोपानी नाका तीन वर्षदेखि पूर्ण रुपमा खुलेको छैन। केरुङबाट कन्टेनर ल्याउँदा ढुवानी भाडा बढी लाग्ने भएकाले नेपाली व्यापारीहरु तातोपानी नाकाबाटै सामान ल्याउन खोज्छन्।

नेपाल च्याम्बर अफ कमर्शका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठ कोटा तोक्नेभन्दा पनि आवश्यक सामग्री ल्याउने गरी चीन सरकारले वातावरण बनाउनुपर्ने बताउँछन्। चीनमा तीन वर्षदेखि जारी बन्दाबन्दी अहिले मात्रै हटेकाले नाकाबाट आयात-निर्यात खुला हुने स्थानीयमा आशा भने कायमै छ।

चिनियाँ पक्षले बन्दाबन्दी हटेपछि खासाबाट पहिलेको तुलनामा बढी कन्टेनर नेपाल पठाउन थालेका छन्।

लामो समयदेखि नाका नखुल्दा त्यहाँ कार्यरत मजदूरहरु समस्यामा परेको नेपाल ट्रक कन्टेनर ढुवानी सेवाका अध्यक्ष अर्जुनबहादुर सापकोटाले बताए।

'सामान लोड र अनलोड गर्ने मजदुरहरुलाई काम नै पुगेको छैन', उनले भने,'आयात र निर्यात पहिले झैँ भयो भने उनीहरुले पनि काम पाउँछन्।'

नाका बन्द हुँदा त्यहाँ कार्यरत व्यवसायीहरु पलायन हुन थालेका छन्। लिपिङमा झोले पोके व्यापार र पर्यटकको भारी बोकेर गुजारा गर्ने स्थानीयहरु विदेश जान बाध्य भएका छन्। भोटेकोसी गाउँपालिकाको पाँच वटा वडा र बाह्रबीसे नगरका दुई वटा वडाका अधिकांश स्थानीय विदेश पलायन भएका हुन्। भोटेकोसी नारायणथान निवासी शेर्पाले तातोपानी नाका बन्द भएको आठ वर्षयता यस क्षेत्रका अधिकंश घर खाली भएको र धेरैजसो विदेश गएको बताए।

# बनेपामा तीन दिन राष्ट्रिय भजन सम्मेलन



**काभ्रे/मस–** बनेपामा शनिबारबाट तीन दिन राष्ट्रिय भजन सम्मेलन हुने भएको छ। सम्मेलनमा देशभरका एक सय २५ ज्ञानमाला भजन खलः सहभागी हुने नेपाल राष्ट्रिय ज्ञानमाला समितिले जनाएको छ। समितिले आफ्नो दशौँ राष्ट्रिय ज्ञानमाला भजन सम्मेलन 'बुद्धको उपदेश अनुसरण गरौं, चित्तलाई हामी परिशुद्ध गरौं' भन्ने मूल नाराका साथ बनेपामा सम्पन्न गर्न लागिएको केन्द्रीय अध्यक्ष रमना श्रेष्ठले बताइन्। सम्मेलनमा बुद्ध पूजा, पञ्चशील प्रार्थना, ज्ञानमाला शान्ति पदयात्रा, बृहत् ज्ञानमाला भजन कार्यक्रम, अभिनन्दन तथा ज्येष्ठ नागरिक सम्मानसँगै नयाँ कार्य समितिको चयनसमेत गरिने श्रेष्ठले बताइन्।

श्रेष्ठका अनुसार शान्तिका प्रतीक भगवान् बुद्धद्वारा प्रतिपादन भएका सत्य, अहिंसा, मैत्री करुणा, शील समाधि, प्रज्ञाका जीवन उपयोगी अमूल्य शाश्वत उपदेशलाई सर्वव्यापक ढङ्गबाट उजागार गर्न तथा सम्प्रेषण गर्ने/गराउने, आफूले बुझ्ने, अनुसरण गर्ने/गराउने, सत्कार्यमा उन्मुख गराउने वाचन हुनेछ। काभ्रेपलाञ्चोकको बनेपामा वांख्य ज्ञानमाला भजन खलःले सम्मेलनको व्यवस्थापन गरेको हो।

सम्मेलनमा ७५ भजन खलःले भजन प्रस्तुत गर्ने कार्यक्रम रहेको छ। भजनका लागि एउटा समूहमा छदेखि १० जना रहनेछन्। बनेपामा शान्ति पदयात्रा तथा झण्डोत्तोलन हुनेछ भने एक सय २५ भजन खलःका चार/चार प्रतिनिधिको सम्मेलनमा सहभागिता रहनेछ। व्यवस्थापन समिति अध्यक्ष जगतनारायण मानन्धरले प्रतिनिधि व्यवस्थापन तथा सम्मेलनको तयारी सकिएको बताउनुभयो। काभ्रेपलाञ्चोकमा छ वटा ज्ञानमाला खलः छन्। विसं १९९४ मा धम्मालोक भन्ते तथा अमृतानन्द भन्तेहरूले स्वयम्भूमा ज्ञानमाला भजन खलः स्थापना गरेर शुरु भएको अभियान देशभर फैलिएको छ। विसं २०५१ चैत १८ गते नेपाल राष्ट्रिय ज्ञानमाला समितिको स्थापना भएको हो।

बदलिँदो समाज, युवापुस्ताहरूमा घट्दै गएको धर्म र संस्कृतिप्रतिको चाहनालाई बढावा दिँदै भगवान् बुद्धले बहुजन हिताय बहुजन सुखायको निम्ति देशना गरेको शील सदाचारयुक्त मानव कल्याणकारी धर्म तथा बुद्ध शिक्षालाई सहज, सशक्त तथा प्रभावकारी ढङ्गबाट जनमानसलाई प्रचारप्रसार गरेर समाजमा सुख, शान्ति कायम गर्ने ज्ञानमाला भजन खलःको प्रमुख उद्देश्य रहेको जनाइएको छ।

# बढ्यो प्रदूषण

**काठमाडौं/मस–** पानी नपरेका कारण केही दिनयतादेखि काठमाडौं उपत्यकासहित देशभर धुलोधुवाँ पनि बढेको र यसका कारण देशभर प्रदूषण बढेको छ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार पानी नपरेका कारण तराईमा हुस्सु लाग्न थालेको र वायू प्रदूषण दिनहुँ बढिरहेको छ। सो शाखाले काठमाडौं, भक्तपुर, दाङको तुलसीपुर र धनकुटाको हावा अस्वस्थकर बन्दै गएको जनाएको छ।

हावाको गुणस्तर सूचक मापन 'एयर क्वालिटी इन्डेक्स'को आज बिहान ७ बजेर ४५ मिनेटको तथ्याङ्कअनुसार भक्तपुर, काठमाडौं, तुलसीपुर र धनकुटाको हावा अस्वस्थकर रहेको छ। काठमाडौंको एयर क्वालिटी इन्डेक्स (एक्युआई) एक सय ५३ रहेको छ। यस्तै भक्तपुरको एक सय ५४, तुलसीपुरको एक सय आठ र धनकुटाको एक सय छ रहेको छ।

एक्यूआई सूचकांक सयदेखि एक सय ५० सम्म पुग्दा बालबालिका तथा वृद्ध र श्वासप्रश्वाससम्बन्धी रोगीलाई अस्वस्थकर तथा एक सय ५० भन्दामाथि एक्युआइ पुग्नु सबैका लागि अस्वस्थकर मानिन्छ। सामान्यतया शून्यदेखि ५० सम्मको एक्युआइलाई राम्रो मानिन्छ।

उक्त सूचकांकअनुसार एक सय ५० भन्दामाथि दुई सयसम्मलाई अस्वस्थकर र त्यसभन्दा माथि तीन सयसम्मलाई अति अस्वस्थकर मानिन्छ। अस्वस्थकर वायुले मानिसको स्वास्थ्यमा असर पार्छ। सबै उमेर समूहका मानिसको स्वास्थ्यमा जोखिम बढेको र विशेषगरी बालबालिका र ज्येष्ठ नागरिकलाई थप जोखिम हुने भएकाले सतर्कता अपनाउन विज्ञले आग्रह गर्दै आएका छन्।

# गाउँ फेरिएर बजार बनेको 'खौलारा'

**ढोरपाटन/मस–** 'विकास हुन धेरै समय लाग्दो रैनछ, यो गाउँ यति छिट्टै फेरियो, विगतलाई सम्झिँदा यस्तो होला भन्ने कसैले कल्पाना गरेका थिएनौं', बडिगाड गाउँपालिका-५ का ७१ वर्षीय चूडामणि घिमिरे गाउँ फेरिएकोमा दङ्ग छन्। दुई दशकअगाडिसम्म सनुसान गाउँ रहेको खौलारा अहिले स्वरुप बदलेर बजार बनेको छ। मध्यपहाडी लोकमार्ग खौलाराको मध्यभागबाट हुँदै गए पछि यहाँ थुप्रै विकासका सम्भावना पनि खुलेका छन्। करिब २३ वर्ष अगाडि मध्य पहाडी लोकमार्गको ट्र्याक खुले पनि एक दशक अगाडिसम्म बस्ती विस्तार भएको थिएन। अहिले बजार बनेको यो ठाउँमा स्थानीयले धान, गहुँ, तोरीलगायतका खाद्य बाली उत्पादन गरी यहीबाट जीवन चलाउथे। पाँचवर्ष अगाडि जब लोकमार्ग कालोपत्रे भयो तब यहाँ तीव्ररुपमा बजार विस्तार भयो। अहिले खौलाराको चारैतिर ठूला-ठूला घर भवन निर्माण भइरहेका छन्। पहिले अन्न उत्पादन हुने ठाउँमा अहिले बजार विस्तार हुँदा खुसी लागेको चूडामणि बताउँछन्। उनले लोकमार्गले जोडिएपछि यो ठाउँका मुहार फेरिएको बताए। सडकले नजोडिँदा यहाँ चार/पाँच वटामात्रै घर रहेको स्मरण गर्दै अहिले ठूला-ठूला सहरमा जस्तै भवन बनेको घिमिरेले सुनाए। अब नुन बोक्न बुटवल जानै नपर्ने उनको भनाइ छ। 'खौलारामा धेरै राम्रो धान फल्थ्यो, समथर ठाउँ थियो, यो गाउँका मान्छेले यही धान, गहुँ उत्पादन गरेर जीविका चलाउथे, अहिले मोटर गाडी आए, धान फल्ने ठाउँमा बजार बन्यो, गाडी गुड्छन्, पहिलेको खौलारा र अहिलेको खौलारामा आकाश पातल फरक छ', घिमिरेले भने, 'खेती मासियो, घर भवन ठडिए, दिनदिनै घर बनेका छन्, पछिपछि त यहाँ खाली ठाउँ देख्नै पाइन्न होला।' उनले सडक नआउँदा घण्टौं यात्रा गरेर दैनिक उपभोग्य सामान ढुवानी गर्ने स्थानीय अहिले घरै अगाडि सबै सामान किनमेल गर्न पाएको बताए। बजार बन्न थालेपछि आवश्यक सामान सबै यही पाइन थालेको घिमिरेको भनाइ छ। उनले अब सामान्य कामका लागि गाउँ छोडेर टाढा जानुपर्ने बाध्यताको अन्त्य भएको बताउँछन्। उनले भने, 'हाम्रो पालामा सामान्य नुन, तेल किन्न पनि बटौली (बुटवल) जानुपर्थ्यो, लत्ताकपडादेखि हामीलाई आवश्यक पर्ने सामान यहाँ पाइँदैनथ्यो, अहिलेको जस्तो पसल थिएनन्, बजार देख्न त कि बुटौलीनै जानुपर्थ्यो, कि सुनवल पुग्नुपर्थ्यो, अहिले भन्नुहुन्छ भने घरबाट बाहिर निस्किए बजार देखिन्छ, चाहिएको सामान सबै यहीँ पाइन्छ।'

स्थानीय देवीराम खरेलले लोकमार्गका कारण यो ठाउँसँगै स्थानीयको जनजीवन परिर्वतन भएको बताउँछन्। उनले सडक नआउँदा सामान्य कामको लागि हप्ता दिन हिँडेर सदरमुकाम बागलुङ बजार पुग्ने गरेको भन्दै अहिले तीन घण्टामै पुग्न सकिने बताए। सडकले नागरिकको जीवन सरल र सहज बनाउँदै गएको खरेलको भनाइ छ।

## बामदेवलाई...

लिंग वा समुदायको हुने व्यवस्था छ। जहाँ भनिएको छ, 'यस संविधान बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक फरक लिंग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।' संविधानको यही व्यवस्था अनुसार पुरुष पुरुष पनि राष्ट्रपति हुन सक्ने भएकाले एमालेले पुरुषलाई नै राष्ट्रपति बनाए पनि जसपाले पाएको खण्डमा मधेशी समुदायबाट पुरुषलाई नै राष्ट्रपति बनाउने भनेको हो। तर, यसका लागि सत्ता साझेदार दल तयार हुनुपर्छ।

सत्ता साझेदार दलहरुका बीचमा राष्ट्रपति एमालेले र उपराष्ट्रपति माओवादीले लिने सहमति छ। तर, जसपाले उपराष्ट्रपति आफूहरुले पाउनैपर्ने भनेको छ। यसको सिधा कारण- संसदीय दलको नेता राम साहाय प्रसाद यादलाई उपराष्ट्रपति बनाउने र खाली भएको निर्वाचन क्षेत्रमा अध्यक्ष यादव आफैँ उम्मेदवार बन्ने।

उपेन्द्रलाई मधेशमा मात्रै नभएर राष्ट्रिय राजनीतिमै चतुर नेताका रूपमा हेरिन्छ। २०६३ सालको अन्तरिम संविधानप्रति असन्तुष्टि जनाउँदै मधेशमा आन्दोलनको नेतृत्व गरेर यादव राष्ट्रिय राजनीतिमा उदाएका थिए। त्यसयता मधेश र राष्ट्रिय राजनीतिमा बलियो प्रभाव राख्दै आएका उपेन्द्रले यसपटक चुनावकै मुखमा कांग्रेस-माओवादीसहितको गठबन्धन परिवर्तन गरेर एमालेसँग तालमेल गरे।

तर जसपाले सन्तोषजनक नतिजा निकाल्न सकेनन् नै, स्वयं उपेन्द्र सप्तरी-२ बाट जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त (सीके) राउतसँग पराजित भए। यादवले आफ्नो र पार्टीको पराजयको कारण एमालेसँगको तालमेललाई मानेका छन्।

जसपाका नेताहरूका अनुसार उपेन्द्र उपराष्ट्रपति लिएर रामसहाय प्रसाद यादलाई पठाउने र खाली भएको ठाउँ बारा २ मा आफैँ चुनाव लडेर सत्ता साझेदार दलहरुको साझा उम्मेदवार भएर चुनाव जितेर आफैँ संसदीय दलको नेता बन्न चाहन्छन्। त्यसका लागि उनले अशोक राइलाई रोकेर रामसहाय प्रसाद यादवलाई संसदीय दलको नेता बताएको स्वमं नेताहरु स्वीकार गर्छन्।

यही प्रक्रिया अपनाएर एमाले महासचिव पोखरेलले पनि रेखा शर्मालाई उपराष्ट्रपति बनाएर संसद छिर्ने प्रयास गरेका हुन्। उपराष्ट्रपति माओवादीले पाउने भनिएको र त्यसमा रेखा शर्मालाई पठाउने शंकरको प्रस्ताव अनुसार एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत शर्मासँग छलफल गरेका थिए। शर्माले नै अस्वीकार गरेपछि शंकर पोखरेलको दाङ २ बाटै चुनाव लडेर संसद छिर्ने प्रयासमा धक्का लागेको छ।

चुनावमा हारेर पनि संसद छिर्ने प्रयास गर्नेमा उपेन्द्र र शंकर पहिला अनुहार होइनन्। यस्तो प्रयास विगतमा नेता बामदेव गौत्तमले गरेका थिए। बामदेव असफल भएका थिए। गौत्तमले बहालवाला सांसदलाई राजीनामा गराएर संसद छिर्ने प्रयास गरेका थिए। राष्ट्रपति र उपराष्ट्रपतिमा सांसदलाई पठाउने र रिक्त स्थानमा उपचुनाव लडेर संसद छिर्ने दाउ एमाले महासचिव शंकर पोखरेल र जसपाका अध्यक्ष उपेन्द्र यादवको छ। उपेन्द्रको बाटो पच्छ्याएका उपेन्द्र र शंकरको प्रयास हेर्न बाँकी छ।

## संकट...

जसपा पनि एकीकृत समाजवादी जस्तै संकटमा परेको छ। बलियो पकड भएको मधेशमा जनमत पार्टी नयाँ शक्ति बनेर आउँदा जसपा खुम्चिएको छ। अध्यक्ष उपेन्द्र यादव जनमतका अध्यक्ष सिके राउतसँग पराजित भएका छन्। तर संसदमा जसपाको १२ र एकीकृत समाजवादीसँग १० सिट छ। दुवै जोड्दा २२ सिट हुन्छ भने संसदमा चौथो दल बन्छ। अहिले २० सिटको राष्ट्रिय स्वतन्त्र पार्टी चौथो दल बन्छ। तर नेताहरूले भने माओवादी केन्द्रसँग समेत एकता हुन सक्ने बताउने गरेका छन्।

## विद्यार्थीको...

पनि आफूहरुले विद्यार्थीको हकहितका विषयमा बोल्दा यातना नै भोग्नुपरेको बताउँछन्। त्रिवीले समयमा परीक्षाफल प्रकाशित नगर्नु आजको मात्रै समस्या होइन, हामीले बारबार यो विषयमा आवाज उठाएका छौँ र जसले गर्दा प्रहरीद्वारा यातना नै भोग्नुपरेको छ, उनले भने। उनले त्रिवीले परीक्षाफल प्रकाशनमा ढिलाई गर्दा हजारौं विद्यार्थीको भविष्य अन्यौलमा परेको बताएका छन्। तर, स्ववियुका प्रतिनिधिले जे जस्ता दाबी गरेपनि विद्यार्थीको हकहितमा भने नेताहरु केन्द्रित हुनसकेका छैनन्। जसका कारण पनि त्रिवीले समयमा परीक्षाफल प्रकाशित नगर्ने, नतिजामा त्रुटि गर्ने, परीक्षा नदिएका विषयको परीक्षाफल प्रकाशन गर्ने जस्ता लापरवाही गर्दै आएको देखिन्छ।

अहिले स्नातक तहको मानविकी र व्यवस्थापन तहको परीक्षाफल १ वर्ष पुग्दापनि प्रकाशित भएको छैन। जसले गर्दा विद्यार्थीको मानसिकतामा मात्रै होइन, पढाई पूरा गर्ने अवधि समेत लम्बिन थालेको छ। त्रिविले उत्तरपुस्तिका राजधानीको बल्खुस्थित परीक्षा नियन्त्रण कार्यालयमा ल्याउने र विषय शिक्षकले घरमै लगेर परीक्षण गर्ने आएको छ।

त्रिविले केन्द्रीय स्तरमा मात्र उत्तरपुस्तिका परीक्षण गर्ने व्यवस्था गर्न नसक्दा विद्यार्थी प्रभावित भएका हुन्। त्रिविले मानविकी संकायमा ३१, विज्ञानतर्फ १३, शिक्षाशास्त्रमा १० र कानुनमा ७ वटा नतिजा प्रकाशन गर्नुपर्छ। तर, विद्यार्थीको हकहितका लागि खुलेका संगठन नै मौन रहँदा नेतृत्वकर्ताको औचित्यमाथि नै प्रश्न खडा भएको छ।

## एशोसिएसनभित्र...

द्वितीय उपाध्यक्ष विनोदजंग केसी र सल्लाहकार चिरञ्जिवी बस्याल रहेको पाँच सदस्यीय निर्वाचन परिचालन समिति गठन गरेको छ।

नेपाली कांग्रेसले केन्द्रीय सदस्य तथा हालै संसदीय दलको प्रमुख सचेतक नियुक्त भएका रमेश लेखकलाई केन्द्रीय प्रतिनिधि तोकेको छ। निर्वाचन समितिले केन्द्रीय प्रतिनिधि लेखकसँग समन्वय गरी उम्मेदवार छनोट गर्ने बताइएको छ। उता नेकपा एमाले निकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल वृहत् प्रगतिशील प्यानलको गृहकार्यमा जुटेको छ। उक्त प्यानलमा एशोसिएसन बाहेक सबैलाई समेट्ने गृहकार्य भइरहेको बताइएको छ। मञ्चका केही उम्मेदवारको नाम सार्वजनिक भएपनि आधिकारिक निर्णय संघमा प्रतिनिधि पठाउने समयपछि मात्रै हुने एक व्यवसायीले जानकारी दिए।

## राहदानीको...

कार्यालय श्रोतले बतायो। नेपाली प्राविधिकसँग छलफल गरेर शुक्रबार प्रविधिमा सुधारका लागि काम हुने पनि बताइएको छ।

प्रविधिमा समस्या आएपछि विभागले नयाँ राहदानीका लागि आवेदन स्थगित गरेको छ। यसअघि आवेदन दिनेहरुले समेत राहदानी पाउन सकेका छैनन्। समयमा राहदानी नपाउँदा अध्ययन, वैदेशिक रोजगार, भ्रमण तथा औषधिउपचारका लागि जानेहरुलाई समस्या परेको छ।

Government of Sudur Pashchim Province
Ministry of Physical Infrastructure Development
Water Supply and Sanitation Division Office
Division No.3, Rajpur, Doti

**Invitation For Bids (IFB)**

First Date of Publication: January 6, 2023 (B.S.:2079-09-22)

Water Supply and Sanitation Division Office, Rajpur, Doti invites *only* electronic bids (www.bolpatra.gov.np/egp) for the Supply & Delivery of HDPE Pipes (PE-100)-(Confirming to NS- 40/2042) and Galvanized Iron (GI) Pipes, Fittings & Tools. Interested eligible manufacturing Companies/Suppliers should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before February 5, 2023 (B.S.:-2079-10-22) 12:00 noon.

Division Chief

UAE मा रोजगार | कम्पनी : BASATIN LANDSCAPING SOLE PROPRIETORSHIP LLC
शहर : UAE, DUBAI
पूर्व स्वीकृत मितिः २०२३/०१/०५ चलानी नं.: ६०१९४५०० LT. No.: 278730

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Worker | 35 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Skilled Forester | 40 | 0 | | 1100 | ३९,५८९ | | | | | | | |
| 3. | Tile Layer | 35 | 0 | | 1100 | ३९,५८९ | | | | | | | |
| 4. | Horticulturists | 40 | 0 | | 1100 | ३९,५८९ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान र मिति:
अञ्जली टेनिङ सेन्टर, इटहरी, सुनसरी : २०७९ माघ १ गते (16 Jan. 2023) मा हुनेछ।
न्यू रामजानकी टेनिङ सेन्टर, जनकपुर, धनुषा : २०७९ माघ २ गते (17 Jan. 2023) मा हुनेछ।
मेनपावर कार्यालय काठमाडौंमा : २०७९ माघ ३ गते (18 Jan. 2023) मा हुनेछ।

Link International
Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

# मालपोत कार्यालयको आकस्मिक निरीक्षण

**काठमाडौं/मस**-भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्रालयका सचिव डा.दामोदर रेग्मीले डिल्लीबजार भूमिसुधार तथा मालपोत कार्यालयको दैनिक सेवाप्रवाह तथा अभिलेख व्यवस्थापनबारे आकस्मिक निरीक्षण गरेका छन् ।

देशका विभिन्न कार्यालयमध्ये डिल्लीबजार भूमिसुधार तथा मालपोत कार्यालयलाई सेवा प्रवाहको दृष्टिले संवेदनशील कार्यालयका रूपमा लिने गरिएको छ । त्यस अवसरमा सचिव डा.रेग्मीले डिल्लीबजार मालपोत कार्यालयका प्रमुख रामकृष्ण उप्रेती र कर्मचारीलाई सेवाप्रवाह गुनासोरहित, झन्झटमुक्त र पारदर्शी तवरबाट कार्यसम्पादन गर्न निर्देशन दिएका थिए ।

भूकम्पले कार्यालयका धेरै भित्ता चर्किएको र सोको तत्काल सुधार गर्न तथा अभिलेख व्यवस्थापनका लागि आवश्यक रकम प्रस्ताव गरी पठाउन पनि उनले सुझाव दिए ।



डिल्लीबजार मालपोत कार्यालयमा विभिन्न जिल्लाको जग्गाको ऐतिहासिक तथा प्रामाणिक अभिलेख, ऐतिहासिक अभिलेख तथा पुराना रजिस्ट्रेसन अभिलेख गरी एक लाखभन्दा बढी लिखतसहितका कागजात रहेका छन् ।

देशका सबै मालपोत कार्यालयमा करिब २० लाखको हाराहारीमा यस्ता लिखत अभिलेखहरू रहेको अनुमान गरिएको छ । तत्कालीन बाइसे-चौबिसे राज्य र राणाकालीन प्रमाणका दृष्टिले यी अभिलेखहरू दीर्घकालसम्म सुरक्षित राखिनुपर्ने भए पनि यिनीहरूको विद्युतीय प्रति नहुँदा कागज च्यातिने र हराउने उत्तिकै सम्भावना छ ।

त्यस अवसरमा सचिव डा.रेग्मीले यस्ता ऐतिहासक महत्त्वपूर्ण अभिलेखहरूको संरक्षण गर्ने व्यहोरोपयोगी कार्ययोजना तत्काल तयार गरी कार्यान्वयनमा ल्याउन विभाग र मातहतका निकायलाई निर्देशन दिए । सचिव रेग्मीले विभागको विद्युतीय प्रणालीलाई प्रभावकारी बनाउन र मालपोतको सेवा प्रवाहमा हुन सक्ने अनियमितता रोक्न विद्युतीय प्रणालीको सेवालाई प्रभावकारी बनाउन आवश्यक रहेको बताए ।

उनले राष्ट्रिय भूमि आयोगको निरीक्षण गरी काम कारबाहीबारे पनि जानकारी लिएका थिए । भूमि आयोगका सदस्य सचिव विदुर खनालले मन्त्रालय र सरकारको लक्ष्य पूरा गर्न र मन्त्रालयको साख बढाउन प्रतिबद्ध रहेको बताए ।

# आठवटै वडामा बर्थिङ सेन्टर

**सिन्धुपाल्चोक/मस**- हिमाली गाउँ पाँचपोखरी थाङपाल गाउँपालिकाका सबै वडामा बर्थिङ सेन्टर स्थापना भएका छन् । आठ वटा वडा रहेका पालिकाका सबै वडामा बर्थिङ सेन्टर स्थापना गरिएको हो ।

घरमै सुत्केरी हुने अवस्था अन्त्य गर्ने लक्ष्यका साथ पालिकाले गर्भवती तथा सुत्केरीका लागि विभिन्न सुविधा व्यवस्था गरेको गाउँपालिकाकी उपाध्यक्ष सुनिता अधिकारीले जानकारी दिइन् ।

गर्भवतीका लागि पालिकाभित्र निःशुल्क एम्बुलेन्स सेवाका लागि दुई वटा एम्बुलेन्स छन् । काठमाडौं वा अन्यत्र लाग्नुपरेमा एकतर्फी भाडा नलाग्ने र अन्य एम्बुलेन्स गाडीमा गएमा रु पाँच हजार पालिकाले दिने स्वास्थ्य शाखा प्रमुख आत्माराम धितालले बताए ।




हिमाली क्षेत्रमा पर्ने यस पालिकामा अझै कठिन अवस्थामा राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत धेरैको हेलिकप्टरमार्फत उपचारका लागि पठाइने गरेको गाउँपालिका अध्यक्ष टासी लामाले बताए । गाउँपालिकाको आठ वटै वडामा बर्थिङ सेन्टर स्थापना भएको उल्लेख गर्दै यो सिन्धुपाल्चोक जिल्लाको अन्य कुनै पनि पालिकामा नरहेको उनले बताए ।

सुत्केरीका लागि पालिकाको बर्थिङ सेन्टरमा सुत्केरी गराउँदा पालिकाको तर्फबाट थप एक हजार पाँच सय रकम दिने गरेको लामाले जानकारी दिए । साथै गर्भवतीसँग उपाध्यक्ष कार्यक्रमअन्तर्गत सुत्केरीलाई घरमै गएर रु एक हजार बराबरको पोषणयुक्त खानेकुरा पालिकाले दिने लामाले बताए । वर्षामा सडक यातायातमा समस्या रहेकाले हरेक वडामा बर्थिङ सेन्टर तथा पालिकामा रहेका दुई सुविधा सम्पन्न अस्पतालबाट सेवा प्रदान गर्ने गरेको उनको भनाइ छ । गाउँमै बर्थिङ सेन्टर भएपछि सुत्केरी गराउन अन्यत्र जान नपरेकोमा स्थानीय शोभा भट्टराईले खुसी व्यक्त गरिन् ।

# ग्वार्कोमा फ्लाइओभर निर्माण शुरु हुँदै

**काठमाडौं/मस**- ललितपुरको ग्वार्कोमा 'फ्लाइओभर' निर्माण माघको पहिलो सातादेखि शुरु हुने भएको छ । हाल आवश्यक तयारी भइरहेको भन्दै सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका प्रवक्ता सिनियर डिभिजनल इञ्जिनियर सौरभ बज्राचार्यले माघको पहिलो सातादेखि निर्माण शुरु हुने बताए ।

उनले भने, 'हाल सामान व्यवस्थापनको काम भइरहेको छ, सम्भवतः १० दिनपछि निर्माण सुरु हुन्छ । अहिले नै बाटो बन्द गर्दा ट्राफिक व्यवस्थापनमा समस्या हुने भएकाले सबै तयारी पूरा भएपछि मात्रै निर्माण सुरु गर्न लागिएको हो ।' केही सामानहरु आयात हुन बाँकी रहेकाले सामान ल्याउने काम भइरहेको उनले बताए ।

फ्लाइओभर निर्माण अवधि १४ महिना तोकिएको छ । यस क्षेत्रमा पर्ने सडक बिस्तार गरी १० लेन बनाइए पनि ट्राफिक जामको समस्या समाधानका लागि फ्लाइओभर बनाउन लागिएको हो । हाल यस क्षेत्रमा चार लेनको मुख्य सडक, सर्भिस लेन र त्यसभन्दा बाहिर दुवैतर्फ एक/एक लेन छन् ।



सबैभन्दा बाहिरी लेनमा हाल सवारी साधन पार्किङ भइरहेकाले त्यसलाई हटाएर नियमित सवारी सधान गुड्ने बनाउनुपर्ने सूचना अधिकारी बज्राचार्यको भनाइ छ । उक्त लेन सञ्चालन गरी मोटरसाइकल सञ्चालन गर्न सकिने उनले बताए ।

फ्लाइओभरको उचाइ छ मिटर हुनेछ भने बालकुमारीतर्फ दुई सय ८० मिटर लामो 'ऱ्याम' र सातादोबाटोतर्फ एक सय ७५ मिटर लामो 'ऱ्याम' बनाइनेछ । कुल चार सय ९० मिटर लम्बाइको फ्लाइओभरमा 'सुपर स्ट्रक्चर' ३५ मिटर हुनेछ । फ्लाइओभर सञ्चालनमा आएपछि मंगलबजार-इमाडोल- मंगलबजार चल्ने सवारीसाधन पुलमुनिबाट जानेछन् भने चक्रपथमा गुड्ने सवारी साधन पुलमाथिबाट गुड्नेछन् ।


## कुवेतमा रोजगार

१. कम्पनी : AHMED AL-HLEBI GENERAL TRADING & CONTRACTING CO
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०२३/०१/०५ चलानी नं.: ६०१९४५०१ LT. No.: 278902

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 3 | 0 | स. काममा दक्ष | 180 | ७७,६८४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour (Indoor) | 18 | 0 | | 90 | ३८,८४२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुस २९ गते (13 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल कर्निस ओभरसिज सर्भिस प्रा. लि.**
टोखा-१०, काठमाडौं, फोनः ०१४३५०३०८, ४३५०८०२
E-mail : info@allcorniceoverseas.com/website:www.allcorniceoverseas.com
श्रम इजाजत पत्र नं.: ८४३/०६६/०६७



## बलेफी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

**आशयपत्र सम्बन्धी सूचना**

प्रकाशित मितिः- २०७९/०९/२२

यस गाउँपालिकाको वडा न १ को कपिलेश्वर बृद्धाश्रम निर्माण सम्बन्धी सौर्य दैनिक राष्ट्रिय पत्रिकामा मिति २०७९/०८/१६ मा प्रकाशित सूचना नं. ***BRM/NCB-07/2079-080*** अनुसार यस कार्यालयमा रितपूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये **श्री कपिल निर्माण सेवा भक्तपुरको** बोलपत्र न्यूनतम मूल्यांकित (**PS र मु.अ.क. बाहेक रु. ९४,७३,०२६/-**) सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा रोजगार |

१. कम्पनीः BINA FOR READY MIX CONCRETE PRODUCTS
शहरः Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०४/११ चलानी नं.: ६०१८३८९९ L.T. No.:267944 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ६३,२८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः JAWA HUMAN RECOURSE शहरः Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.: ६०१९१२६२ L.T. No.: 275643 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 53 | 0 | स. काममा दक्ष | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः JAWA HUMAN RECOURSE शहरः Saudi Arabia

पूर्व स्वीकृत मितिः २०७९/०७/२८ चलानी नं.: ६०१९१२६३ L.T. No.:275644 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 31 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Loading And Unloading Worker | 6 | 0 | | 1000 | ३५,१६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २९ गते (13 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## साइप्रस र कतारमा रोजगार |

कम्पनीः Global Tree Recruitment Ltd.
शहरः Cyprus

पुर्व स्वीकृत मितिः २०७९/०९/२१ चलानी नं.: ६०१९४४७९ LT. No.: 278926

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 2 | 16 | सम्बन्धित काममा दक्ष | 314 | ४४,१०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 0 | 2 | | 314 | ४४,१०४ | | | | | | | |

यसै कम्पनीको लागि Chief (Chinese/Japanese/Continental/Italian), Waiter/Waitress, Chamber Maids & Aluminium Worker को पनि माग भएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

२. कम्पनीः AAL IMRAN FARMING & CLEANING SERVICES WLL शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७९/०७/०२ चलानी नं.: ६०१८९७५२ LT. No.: 274135 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २९ गते (13 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल,
फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८०२३३८९८९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५



## Invitation of Electronic Bids

**Urlabari Municipality**
**Office of Municipal Executive**
Urlabari, Morang
Province no. 1, Nepal

Date of Publication: 2079/09/22( 6th of January 2023)

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-BlacktopRoad-Ward 4-W-NCB-08-079/80 | " Construction of Blacktop Road of Bhanu Marga from Malami Chautari to Ward no: 8 connected Road " | 1,02,93,572.35 /- | 2,57,400.00 | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२२ पुस २०७९, शुक्रबार
6 January 2023, Friday

## सम्पादकीय

# मन्त्री छनोटको मापदण्ड

आमनिर्वाचन–२०७९ को मतपरिणाम सार्वजनिक भएपछि संघसहित सातै प्रदेश सरकार गठनको प्रक्रिया चलिरहेको छ। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार संघमा बनेको छ । प्रचण्ड प्रधानमन्त्री बन्दा नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थन रहेको छ। संघकै गठबन्धन प्रदेशमा पनि बन्ने लगभग निश्चित छ । संघकै गठबन्धन प्रदेशमा पनि कायम रहने प्रचलन यसअघिबाटै शुरू भइसकेको छ। त्यसैबमोजिम प्रदेश सरकार बनाउने गृहकार्य पनि चलिरहेको छ। तर अहिलेसम्म संघमा आठ सदस्यीय मन्त्रिपरिषद् बाहेक बाँकी मन्त्री, मुख्यमन्त्री र प्रदेश मन्त्री चयन हुन बाँकी छ । संवैधानिक निकायका प्रमुख र उपप्रमुखको चुनाव पनि बाँकी नै छ।

प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिएपछि मन्त्रिपरिषद्लाई पूर्णता दिने तयारी गरिरहेका छन्। विश्वासको मत लिने मिति तय भइसकेकाले त्यसपछि मन्त्रिपरिषद् बिस्तार हुनेछ । यही समयको पेरिफेरिमा प्रदेश सरकारले पनि पूर्णता पाउनेछ। सातै प्रदेशमा दलहरूले संसदीय दलको नेता चयन गरिसकेकाले मुख्यमन्त्री गठबन्धनको भागबण्डामा भर पर्नेछ। त्यो भागबण्डाका निम्ति दलका नेताहरू शीर्ष नेता रिझाउने प्रयासमा छन् । मन्त्री बन्न आकांक्षा राख्नेहरूको दौडधुप त्यो भन्दा धेरै छ। संघमा २५ सदस्यीय र प्रदेशमा संसद संख्याको २० प्रतिशत नकट्नेगरी मन्त्रिपरिषद् बनाउन मिल्ने संवैधानिक व्यवस्था छ । यो संवैधानिक व्यवस्थाभित्र रहेर मन्त्री बन्न चाहने सांसदहरूले नेतृत्व रिझाउन अनेक विकल्प उपयोग गर्नु सामान्य देखिन्छ।

तर दलहरूका नेतृत्वले आकांक्षी वा सांसदहरू मध्येबाट आवश्यक संख्यामा मन्त्रीको निर्णय गर्ने नै छन्। त्यसरी मन्त्री चयन गरिरहँदा पार्टी नेतृत्वले आवश्यक ध्यान दिन आवश्यक छ । किनकि मन्त्री बन्ने कुरा कुनै व्यक्तिको इच्छा पूरा हुने प्रक्रियामा मात्रै होइन। मन्त्री चयन भनेको मुलुक सञ्चालनको निर्णय हो। संविधान, जनताको भावना र प्रधानमन्त्रीको भावना सम्बोधन गर्ने व्यक्तिको चयन हो। सांसद भइसकेपछि यी सबै कुराप्रति योग्य रहेको दावी हुन सक्ला। तर मन्त्री भनेको फेरि पनि विभागीय जिम्मेवारी पूरा गर्ने विषय हो । त्यसो भएको हुनाले जनता र संविधानको भावना बुझेका र विभागीय क्षेत्रबारे जानकार व्यक्ति मन्त्री चयन गर्दा सरकारको काम प्रभावकारी बन्छ। विगतको नजीरले पनि मन्त्री चयन विभागीय विषयको जानकार हुँदा पनि सरकार सफल हुन्छ।

# सुकुम्वासी व्यवस्थापनमा चुकेको राज्य

अग्रलेख




● झलक शर्मा

सुकुम्वासी व्यवस्थापन मुलुकका लागि टाउको दुखाईको विषय बनेको छ। वास्तविक सुकुम्वासीहरुको पहिचान हुन नसक्दा यसको सहीरूपमा समस्या समाधान हुन सकेको छैन। नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो आयआर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति र परिवारहरुलाई भूमिहिन सुकुम्वासीको रूपमा चिन्नुपर्छ। प्राकृतिक तथा मानवीय कारणबाट मानिसहरु घर जग्गा बिहिन हुन सक्छन् । द्वन्द्व, बाढी पहिरो, भुकम्प, गरिबी, विभेद, शोषण जस्ता कारणले नागरिकलाई सुकुम्वासी बन्न बाध्य हुनसक्छन् । नेपालमा सुकुम्वासीहरु खोलानाला, खोल्सा, राजमार्ग, वनसम्पदाका छेउछाउमा जग्गा ओगटेर बस्ने गरेको देखिन्छ। यो समस्या नेपालका प्रमुख शहरहरुमा बढी देखिन्छ। दुःखी गरिब, भूमिहिन नागरिकलाई राज्यको तर्फबाट संरक्षणको आवश्यकता छ । राज्यले यस्ता व्यक्ति, समुदायलाई वैध वा अवैधरूपमा वा कुनै न कुनै माध्यमबाट जमिन उपलब्ध गराएको छ। तर, यसरी राज्यले सुकुम्वासीलाई जग्गा उपलब्ध गराउँछ भन्ने आशले नक्कली सुकुम्वासी बन्ने प्रवृत्ति पनि बढेको पाइन्छ।

सुकुम्बासी बन्न रहर गर्ने दुश्साहसले वास्तविक सुकुम्वासीले राज्यको तर्फबाट सेवा सुबिधा पाउनबाट बञ्चित हुनु परेको छ। सरकारले सुकुम्वासी पहिचानका लागि मापदण्ड तयार पार्न सकेको छैन। यसको फलस्वरूप नक्कली सुकुम्वासीले सरकारी जग्गामाथि अतिक्रमण गरिरहेका छन्। काठमाडौं महानगरपालिकाले आफ्नो वडाहरुमा अवैधरूपमा बसेका सुकुम्वासीहरुको बस्ती हटाउने प्रयास गऱ्यो तर, सुकुम्वासीहरुले यसको प्रतिरोध गरे। यसले नेपाली राजनीति र समाजमा राष्ट्रिय बहसको विषय बनाएको छ। सुकुम्वासी समस्या अहिले तत्काल समाधान हुने देखिँदैन। यसले राज्यमाथि थप दायित्व तथा भार सुम्पेको छ। सुकुम्वासी समस्या किन यति जटिल विषय बन्यो भन्ने कुरा खोतल्नु आवश्यक छ।

